# ४ सृष्टिः बाइबलको विषय वस्तु

*यस अध्यायको निम्ति पढ्नुहोस्:* उत्पत्ति २, मत्ती १९:४-६, भजन ८, अय्यूब ३८:१-२१, अय्यूब ४२:१-६, यशैया ४५:१८, प्रेरित १७:२२-३१।

*कण्ठ गर्नुपर्ने पद:* "मैले अर्को स्वर्गदूत देखेँ। उनी अत्यन्ति माथि आकाशमा उडिरहेका थिए। सदा सर्वदा सत्य भइरहने सुसमाचार प्रत्येक व्यक्तिलाई सुनाउन उनी आएका थिए। प्रत्येक राष्ट्र, जाति, कूल, भाषा र मानिसहरूलाई उनले सुसमाचार सुनाएका थिए। चर्को स्वरले उनले भने, 'परमप्रभु परमेश्वरप्रति श्रद्धा राख। उहाँलाई महिमा देओ। अब परमेश्वरले न्याय गर्ने समय आयो। सारा जगत अर्थात् स्वर्ग र पृथ्वी सृष्टि गर्नु हुने परमेश्वरको आराधना गर। सारा समुद्र र पानीका मुहान बनाउने परमेश्वरको उपासना गर।'" (प्रकाश १४:६,७ रूपान्तरित)।

सृष्टि सम्बन्धी बाइबलमा उल्लेखित विभिन्न पदहरूका सबै जग उत्पत्ति १:१-२:३ हो। कुनै पदहरूले उत्पत्ति १ र २लाई स्पष्ट रूपमा औंल्याउँछन्। अरू पदहरूले त्यस्तो स्पष्ट रूपमा औंल्याएका हुँदैन। त्यसको ज्वलन्त उदाहरण हिब्रू ४:४ हो: "सातौं दिनको बारेमा परमेश्वरले कुनै ठाउँमा बोल्नु भएको थियो। उहाँले भन्नु भयो, ' सातौं दिनको दिनमा परमेश्वरले आफ्ना सबै कामबाट विश्राम लिनुभयो।' (रूपान्तरित)। हिब्रूका लेखकले उत्पत्तिलाई तोकिएर अध्याय र पद नभनेतापनि उनले उत्पत्ति २:२बाट उद्‌ध गरेका थिए।

उत्पत्तिमा उल्लेखित सृष्टिको कथालाई बाइबलका अरू पुस्तकहरूले कसरी अनुमोदन गरेका थिए भनेर विभिन्न यस अध्यायमा

हामी हेर्नेछौं। खास गरेर मानव जातको उत्पत्ति कसरी भयो भनेर बाइबलका अरू लेखकहरूले कसरी बुझेका थिए भनेर हामी हेर्नेछौं।

## १. प्रथमतः उत्पत्तिकै पुस्तकको दोस्रो अध्यायमा सृष्टि (उत्पत्ति २:४)

परमेश्वरले हाम्रो संसार कसरी सृष्टि गर्नुभयो भन्ने प्रथम् वृतान्त त उत्पत्ति १-२:३मा छ। हामी इसाईहरूले बाइबलका अरू धेरै सत्यविद्याहरूलाई आत्मसात् गर्दछौं। तर ती सबै विद्या वा धर्मदर्शनहरूको मूल जग सृष्टिको कथा हो।

तर सृष्टिको कथा केवल ती पदहरूमा मात्र अन्त हुँदैन। उत्पत्ति २:३देखि त्यस अध्यायको अन्तसम्म सृष्टिको कथालाई अझ विस्तृत रूपमा बुझाउन खोजेको पाइन्छ। उदाहरणमा आदम र हब्बाको सृष्टिको बारेमा अझ बढि विवरण त्यहाँ प्रस्तुत गरिएको छ। त्यसकारण उत्पत्ति २:४लाई आदम र हब्बाको सृष्टिको बारेमा अझ गहिरिएर विवरण दिएको भनेर हामीले मान्नु पर्दछ। उत्पत्ति १:२९चाहिं आदम र हब्बाको सृष्टिको बारेमा दिएको छोटो विवरणमात्र हो।

उत्पत्ति १ र २को बीचमा केहि समस्याहरू छन् भनेर कतिपय बाइबलका चिन्तकहरूले तर्क गर्दछन्। तर त्यस तर्कप्रति मोसा र बाइबलका अरू लेखकहरू छक्क पर्ने थिए होला। यदि सृष्टिको कथा प्रथम् अध्याय भन्दा फरक भिन्नै भएको भए मोसाले कहिले लेख्ने थिएन। उत्पत्ति १ र २ अध्यायमा उल्लेखित सृष्टिका दुवै कथाहरू अत्यन्त मिल्दोजुल्दो छ। पदहरूले फरक फरक कथा भनेका छैनन्, तर बुझ्न चाहनेले भिन्नता नभएतापनि भिन्नता देख्दछन्।

**उत्पत्ति १ र २मा उल्लेखित सृष्टिको बारेमा ऐतिहासिक तथ्यलाई येशूले कसरी समर्थन गर्नुभएको थियो भनेर मत्ति १९:४-६ हेर्नुहोस्।**

यहूदी पण्डितहरूले येशूलाई पारपाचुकेको विषयमा जिज्ञासा राखेका थिए। त्यस जिज्ञासा मेटाउन येशूले उत्पत्ति १:२७ र २:२४लाई उदृध गर्नुभएको थियो। येशू आफैले उत्पत्तिको पुस्तकबाट सम्बोधन गरिँदा संसार र मानवको उत्पत्ति त्यहाँ लेखिए अनुसार ऐतिहासिक सत्य हो भनेर मान्नुपर्दछ। फेरि दुवै अध्यायबाट उहाँले उदृध गरिन्दा उत्पत्ति १ र २ बाझेको छैन भनेर प्रमाणित गर्दछ। सृष्टिको बारेमा उत्पत्तिमा उल्लेखित वृतान्त ऐतिहासिक तथ्य हो र उत्पत्ति १ र २ बाझेको छैन भन्ने त्यो भन्दा असल प्रमाण हामीलाई अरू के चाहिन्छ र? हामीहरू यहाँ अचानक वा संयोगले आएका होइनौं। कुनै तत्वहरू जुधेर हामी अकस्मात सृष्टि भएका हौइनौं। हामी परमेश्वरकै स्वरूपमा सृष्टि गरिएका मानव प्राणी हौं। हामी मानिस जातिको सुरूवात कसरी भयो भन्ने सत्यतथ्य ऐतिहासिक वृतान्त परमेश्वरबाट नै आएको हो भनेर उत्पत्ति १ र २ले देखाउँदछन्।

उत्पत्ति २ अध्याय पढ्नुहोस्। हामी कुनै नर बाँदर होइन तर परमेश्वरकै स्वरूपमा सृष्टि भएका हौं भनेर उत्पत्ति २ अध्यायले बताउँदा हाम्रो मानविय जीवनको अर्थलाई कसरी अझ राम्ररी बुझाउँदछ? आत्मनिर्णयको अधिकारले सम्पन्न गरिएको मानव जाति कस्तो गौरवले हिँड्नुपर्दछ?

## २. भजनसङ्ग्रहमा सृष्टिको बखान (भजन ८)

**भजनसङ्ग्रह ८ अध्याय पढ्नुहोस्। त्यस भजनसँग उत्पत्ति १ कसरी गाँसिएको छ?**

**अनि भजनसङ्ग्रह १०४ पढ्नुहोस्। परमेश्वरको दुवै सृष्टि र उहाँको हेरचाहको बारेमा उल्लेख गर्दै यस भजनले उहाँको उदारता र कृपाको बखान गर्दछ। उत्पत्ति १सँग भजन १०४का देहायका पदहरू कसरी मिलेको छ, हेर्नुहोस्: २,५-७, १४,१९ र २५ पदहरू।**

उत्पत्ति १मा सृष्टिको बारेमा उल्लेख गरिएका क्रम त्यस भजनले कसरी सम्बोधन गर्दछ हेर्नुहोस्। ती सबै पदहरूले स्पष्ट रूपले कविताको भाषामा परमेश्वरको प्रशंसा गर्दछन्। परमेश्वरको शक्ति, सर्वज्ञान र दया तथा कृपालाई मुक्तकंठले प्रशंसा गर्दै त्यस भजन रचिएको छ, साथै सारा सृष्टि उहाँमा नै भरपर्दछ भनेर पनि त्यस भजनले समर्थन जनाएको छ। उत्पत्तिको पुस्तकमा उल्लेखित यस जगतको उत्पत्तिको विवरण सत्य हो भनेर त्यस भजनले अत्यन्त स्पष्ट रूपमा  देखाएको छ।

**उत्पत्ति १सँग देहायका अरू केहि भजनहरू कसरी मिलेको छ भनेर पढ्नुहोस्: भजन २४:१,२, भजन ३३:६, भजन ७४:१६,१७ र भजन ८९:११।**

सृष्टिकर्ता परमेश्वरको प्रशंसाले भजनसङ्ग्रह भरिएको छ। कतिपटक त झण्डै उत्पत्ति १कै भाषालाई भजनले उदृध गरेको पाइन्छ। अरूबेलामा सामान्य रूपमा उत्पत्तिको बारेमा भजनले बखान गर्दछन्। तर जेभएतापनि उत्पत्ति १मा उल्लेख गरिएका यस पृथ्वी र जगतको उत्पत्तिको बारेमा भजनसङ्ग्रहले खुला रूपमा बयान गरिएको पाइएको छ। हामीहरू परमेश्वरका छोराछोरी र उहाँको स्वरूपमा सृष्टि भएका हौं भनेर उत्पत्ति १मा उल्लेख गरिएका तथ्यहरूलाई ती भजनहरूले पूर्णरूपमा समर्थन गर्दछन्। ती भजनहरू पढ्दा हामीहरूको सुरुवातको बारेमा अझ राम्ररी जानकारी दिँएको पाउँछौं।

## ३. अय्यूबको पुस्तकमा सृष्टिको कथा (अय्यूब ३८:१-२१)

**अय्यूब ३८:१-२१ पढ्नुहोस्। उत्पत्तिको विषयमा उल्लेख गरेका विषयवस्तु अय्यूब ३८:१-१२, १६ र १९लाई ध्यानपूर्वक पढ्नुहोस्।**

केको बारेमा अय्यूबको पुस्तक लेखिएको हो सो जान्नु जरुरत छ। परमेश्वरमाथि अगाध प्रेम र आस्था राख्दा राख्दै पनि उनमाथी किन भयङ्कर आततायी विपत्ति आइपुग्यो भनेर बुझ्न मानसिक, आत्मिक र शारीरिक रूपमा उनले अन्तरसंघर्ष गरिरहेका थिए। अय्यूबले प्रस्तुत गरेका उनका अकमकिएको प्रश्नहरूका जवाफ परमेश्वरले दिनुभएको थियो। त्यो जवाफ अध्याय ३९देखि अध्याय ४१मा पाइन्छ। सृष्टिमा आफ्नो कस्तो शक्ति प्रयोग गर्नुभएको थियो भन्दै आफ्नो सृजनशील शक्तिको वाख्या गर्दै परमेश्वरले अय्यूबलाई चित्त बुझाउँदै हुनुहुन्थ्यो।

**परमेश्वरले चित्तबुझ्दो जवाफको प्रत्युत्तरमा अय्यूबले के भनेका थिए सो ध्यान दिएर पढ्नुहोस् जुन अय्यूब ४२:१-६मा छ। हेर्नुहोस्: " तब अय्यूबले परमेश्वरलाई यसरी जवाफ दिएर भने, "परमप्रभु, म जान्दछु तपाईंले सब कुराहरू गर्न सक्नु हुन्छ। तपाईंले योजनाहरू बनाउनु हुन्छ, अनि कसैले पनि परिवर्तन गर्न वा रोक्न सक्तैन। 3 परमप्रभु, तपाईंले यो प्रश्न सोध्नुभयो: 'को अज्ञानी मानिस हो जसले यस्ता अर्थहीन कुराहरू गऱ्यो?' परमप्रभु, मैले ती कुराहरूको बारे बोलें जुन मैले बुझेको थिइनँ।। मैले ती कुराहरू भनें जुन मलाई बुझ्न अति गाऱ्हो थियो। परमप्रभु, तपाईंले मलाई भन्नुभयो, 'सुन्, अय्यूब, म भन्ने छु। म तिमीलाई प्रश्नहरू सोध्ने छु अनि तिमीले मलाई जवाफ दिनेछौ।' हे परमप्रभु, बितेका दिनहरूमा, मैले तपाईंको बारे सुनेको थिएँ तर अहिले तपाईंलाई मेरै आँखाले देखें। 6 परमप्रभु, म लाजले भुतुक्क भएको छु। परमप्रभु, म अत्यन्त दुःखी छु। मैले जे भनें त्यसको पश्चातापका निम्ति मैले आफैलाई धूलो र खरानीले पुर्दैछु।"** (रूपान्तरित)। अय्यूबले त्यसरी किन जवाफ दिए? हामीमाथि नराम्रो विपत्ति खनिएतापनि परमेश्वरमाथिको अगाढ प्रेम र भरोसा छोड्नुहुन्न भन्ने पाठ अय्यूबले हामीलाई कसरी सिकाउँदछ?

आफूमाथि विपत्तिहरू किन आए भन्ने कुरालाई अयूले वाख्या गर्न सकेको थिएन। तर त्यसले गर्दा परमेश्वरको महानतालाई चिन्न उसलाई दोऱ्याइयो। आफूलाई जे भएतापनि परमेश्वरमाथिको अगाढ प्रेम र भरोसा छोड्नुहुन्न भन्ने पाठ उनले सिक्न पाएका थिए।

हो, सृष्टिको बारेमा अनगिन्ति प्रश्न तथा जिज्ञासाहरूको जवाफ हामीसँग छैन। त्यसकारण जे भएतापनि परमेश्वरमाथि  प्रेम र भरोसा राख्न छोड्नुहुन्न भनेर अय्यूबको अनुकरणीय उदाहरणबाट हामी सिक्नुपर्दछ। आखिरमा हामीलाई थाहा भएकै कुरो हो कि जीवनमा धेरै यस्ता प्रश्न अर्थात् जिज्ञासाहरू छन् जसको जवाफ यस जीवनमा नपाइरहेका हुन्छन्। तर अहिले बुझ्न नसकेका र जवाफ नपाएका प्रश्नहरूको जवाफ अनन्त जीवनमा पाउनेछौं भनेर हामीहरू ढुक्क हुनुपर्दछ।

तर यो पनि बिर्सनु हुन्न। सृष्टिको बारेमा कति कुराहरू अहिले हामीले बुझ्न अवसर पाएका छौं त्यो अय्यूबले पाएका थिएन। यद्यपि, जे भएतापनि परमेश्वरको अचम्मको प्रेम र शक्तिमाथि भरोसा हामी सिक्नुपर्दछ।

**अहिले हामी क्रुसपछि जीइरहेकाछौं। त्यसकारण सृष्टिकर्ता परमेश्वर मुक्तिदाता भएर आउनुभई क्रुसमा पिडा भोग्न पुगेको बारेमा हामीलाई थाहा छ। त्यसले गर्दा अय्यूबले परमेश्वरको बारेमा कहिले पनि नदेखेका कुराहरू हामीले देख्न अवसर पाएकाछौं। त्यसकारण, परमेश्वरले हाम्रो निम्ति कत्तिको असल काम गर्नुभयो भन्ने सत्यलाई थाहा पाउँदा उहाँमाथि अगाढ श्रद्धा, प्रेम र भरोसा राख्न केले रोक्न सक्दछ र?**

## ४. परमेश्वरका प्रवक्ता वा अगमवक्ताहरूमा सृष्टिका कथा (यशैया ४५:१८)

यस पृथ्वीमा मानिसहरू रहन परमेश्वरले सृष्टि गर्नुभएको हो भनेर यशैयाले यशैया ४५:१८मा यसरी उल्लेख गर्दछन्: “**परमप्रभु नै परमेश्वर हुनुहुन्छ। उहाँले आकाशहरू र पृथ्वी बनाउनु भयो। परमप्रभुले पृथ्वीलाई यथोचित ठाउँमा राख्नु भयो। परमप्रभुले यस पृथ्वीलाई खाली गर्न चाहनुहुन्न, जुन उहाँले बनाउनु भयो! उहाँले पृथ्वीमा बस्नका लागि बनाउनु भयो! उहाँ भन्नुहुन्छ, ‘म परमप्रभु हुँ, म बाहेक अरू कोही परमेश्वर छैन।’**” अर्को अर्थमा भन्ने हो भने परमेश्वरले यस पृथ्वीलाई यस्तो गरि बनाउनुभयो कि जीवजीवातहरू रहन सकोस। यो पृथ्वी जीवनसुहाँउदो छ, त्यसकारण यो कुनै अचानक वा योजनाहिन तरिकाले खडा भएको होइन।

पृथ्वीका भिन्न भिन्न भौगोलिक वातावरणको बारेमा सोच्नु होस्। मानिसहरू रहन सक्ने गरेर ती वातावरणहरू सृजना भएका हुन्। हामीहरूको सौर्य मण्डलमा भएको अरू ग्रहहरूको दाँजोमा हाम्रो पृथ्वी कस्तो छ, बिचार गर्नुहोस् त? कतिपय ग्रहहरूमा पानी त होला। वर्तमान भूउपग्रहले मङ्गलग्रहमा केहि मात्रामा पानी छ भनेर प्रमाणित गरेको छ। तर पृथ्वीमा जत्ति पानी छ अरू कुनै ग्रहमा छैन। यस पृथ्वीको अर्को विषेशतालाई हेर्ने हो भने यसको वायुमण्डललाई हेर्न सकिन्छ। त्यसमा २१ प्रतिशत अक्सिजन वा प्राणवायु छ भने ७८ प्रतिशत नाइट्रोजन छ। यो ग्याँस विषालु छ। तर दुवै वायु मिलाएर यस पृथ्वीलाई सन्तुलनमा राखेको छ। अरू ग्रहहरूमा पनि विभिन्न ग्याँस वा वायुहरू होला, तर कुनै पनि अरू ग्रहहरूमा अक्सिजन वा प्राणवायु र अरू ग्याँसहरूलाई ठिक संतुलनमा राखेको छैन। त्यसले गर्दा अरू कुनै पनि ग्रहमा मानिस बाँच्न सक्दैन। त्यहाँका वातावरण

मानिसलाई सुहाउँदैन। केवल पृथ्वी मात्र यस्ता वातावरण वा वायुहरू छन् जहाँ जीवितजीवातहरू बाँच्न सकुन्। यहाँ भएका सन्तुलित वातावरण अरू कुनै ग्रहमा छैन। फेरि यस पृथ्वीमा भएको तापक्रमलाई हेर्‍यौं भने यहाँमात्र मानिस वा जीवजीवात बाँच्ने गरि अवस्थित भएको छ। यहाँ भएका तापपक्रमको संतुलन पनि सौर्यमण्डलमा भएका अरू कुनै पनि ग्रहहरूमा छैन। हाम्रो पृथ्वी र अरू ग्रहको बीचमा यस्तो भिन्नता रहनुको कारण यसको र सूर्यको बीचमा भएको दुरी, यहाँ भएको वायुमण्डल, पृथ्वीको भौगोलिक बनावट वा यसमा रहेका तत्वहरू, मानिसको निम्ति चाहिने गरि दिन र रात हुन यस पृथ्वी घुम्ने गति आदि हुन्। ती विभिन्न तत्वहरूले गर्दा हाम्रो पृथ्वी मात्र बाँच्नको निम्ति सृष्टि गरिएको थियो भनेर जनाउँछ। यस ग्रहमा मात्र हामीलाई बाँच्नको निम्ति चाहिने सबै वायु र तत्वहरू छन्।

**उत्पति १मा वर्णन गरेका घट्नाहरूलाई देहायका पदहरूले कसरी समर्थन गरेको पाइन्छ, हेर्नुहोस्ः यशैया ४४ः२४, यशा ४५ः१२, यर्मिया ५१ः१५,१६, आमोस ४ः१३, योनाह १ः९ र जकरिया १२ः१।**

**तर यदि येशू ख्रीष्ट सृष्टिकर्तामा हाम्रो आशा छैन भने जुनसुकै असल र उचित थोक यस पृथ्वीमा भएतापनि त्यसको मतलव के छ र?**

## ५. नयाँ करारमा सृष्टि (प्रेरित १७ः२२-३१)

**प्रेरित १७ः२२-३१ पढ्नुहोस्। पावलले ग्रीक देशको एथेन्स शहरमा बुज्रुकहरूको अगाडी प्रवचन दिएका थिए। उनको प्रवचनको प्रभाव ती मानिसहरूमा कसरी पर्‍यो? आफ्नो विषयवस्तुमा प्रवेश गरेपछि पावलले ती बुद्धिमानी वा बुज्रुक मानिसहरूलाई के भनेका थिए भनेर पद २४,२५मा बताउँदछन्। सृष्टिकर्ता परमेश्वर र मानवजातिको बीचमा के**

सम्बन्ध छ भनेर पावलले पद २६-२८मा उल्लेख गरेका पदहरू पढ्नुहोस्।

पावलका श्रोतावर्गहरूमा दुई थरिका दार्शनिकहरू थिए। तिनीहरूमा स्टोइक र इपिक्युरियन मतका थिए। स्टोइक मतका मानिसहरूले यस प्रकृति योजनावद्धरूपमा सृष्टि भएका हुन् भनेर विश्वास गर्दथे। प्रत्येक मानिसमा बुद्धिज्ञान, संयम र असल गर्ने चरित्र छ। नराम्रो बाटोबाट आफू स्वतन्त्र हुनुपर्दछ। आफ्नो नियतलाई नियाल्दै शुद्ध वा उचित जीवन बिताउँदा मानिसलाई दुःखकष्टबाट छुटकारा पाउँछ भनेर ती स्टोइक मतका मानिसहरूका धारणा थिए। तर, त्रास र दुःखबाट आफूलाई स्वतन्त्र पारेर आनन्दको जीवन बिताउनु पर्दछ भनेर इपिक्युरियनका दार्शिनिकहरूले सिकाउँदथे। सवभन्दा खुशी रमाइलो गर्नु नै जीवनको लक्ष्य हो। जे गर्दा डर र दुःख हुन्छ त्यसबाट सतर्क हुनुपर्दछ। अति गरेर बिगार्छ भने कुनै कुरालाई अति गर्नुहुन्न, जस्तै धेरै रक्सी खानु र धेरै योनक्रिधा गर्नु आदि। आफूलाई खुशी पार्न जे गरेपनि हुन्छ तर त्यसमा संयता अपनाउनुपर्दछ भन्ने धारणा ती इपिक्युरियनहरूको थियो। तर सत्य परमेश्वरको बारेमा ती दुवै समूहलाई थाहा थिएन। तर यस पृथ्वीमा विभिदता र अनेकता छन्। यसमा डिजाइन वा खाका छन् भनेर जुन तिनीहरूले तर्क गर्दथे त्यो तर्क आजपनि यथावत नै छ।

तर परमेश्वर नै सबै थोक र मानिसहरूका सृष्टिकर्ता हुनुहुन्छ भनेर जीवित परमेश्वरलाई विश्वास नगर्ने बौध्दिक वर्गलाई प्रचार गर्नु नै पावलको उल्लेखनीय काम थियो। पावल जीवित परमेश्वरमा विश्वास गर्ने व्यक्ति थिए। उनका श्रोताहरूभन्दा उनी फरकै भएतापनि उनले विश्वास गरेका केहि कुरा तिनीहरूले पनि विश्वास गर्दछन् भनेर उनले औंल्याएका थिए। आफ्नो र तिनीहरूको जीवन एकै परमेश्वरबाट

आएको हो भनेर पावलले आफ्नो तर्क प्रस्तुत गरेका थिए। साझा विश्वासलाई आधार बनाएर ती गैर विश्वासीहरूलाई पावलले परमेश्वरको बारेमा विश्वास दिलाउन खोजेका थिए। त्यसबाट पनि हामीलाई यो थाहा हुन्छ कि चाहे पुरानो नियममा होस् चाहे नयाँ नियममा होस् सृष्टिको विषयवस्तु अत्यन्त महत्त्व थियो।

देहायका पदहरू पढ्नुहोस्: मत्ती १९:४-६, मर्कूस २:२७, लूका ३:३८, यूहन्ना १:१-३, २ कोरन्थी १९:४-६, हिब्रू ४:४, याकूब ३:९, २ पत्रुस ३:५ र यहूदा ११,१२। नयाँ करारका ती प्रत्येक लेखकहरूले उत्पत्तिमा भएको सृष्टिको कथालाई उल्लेख गरिएको कुरा अत्यन्त चासोको विषय हो। बाइबलका सारा लेखकहरूले उत्पत्तिको पुस्तकमा उल्लेख गरेका उत्पत्तिको विवरणलाई सहस्र स्वीकार गरेका थिए भनेर ती पदहरूले प्रमाणित गर्दछ।

**प्रकाश ४:११ र प्रकाश १०:५,६ पढ्नुहोस्। परमेश्वरको सृष्टिगर्ने शक्तिको बारेमा स्वर्गदूत र स्वर्गका जनहरूले के भन्दछन्?**

सृष्टि कुनै संयोग, अचानक वा कुनै विस्फोटक तरिकाबाट सृजिएको होइन। त्यो परमेश्वरको इच्छा अनुसार भएको थियो। प्रस्थान २०:११लाई प्रकाश १०:५ र ६ले उदृध गर्दछन्। यूहन्ना १:१-३ले सृष्टिको कथालाई यूहन्नाले विश्वास गर्दछ भनेर देखाइएको छ। बाइबलले नबताएको सृष्टिको बारेमा अन्य धारणालाई विश्वास गर्नु कतिको असमझधारी कुरो रहेछ, सोच्नुहोस्।

## उपसंहार:

<u>**थप जानकारी**</u>: बाइबल धर्मशास्त्र परमेश्वरको बारेमा हो। त्यसले परमेश्वर र हाम्रो संसार तथा हामी मानिस जातिसँगको सम्बन्धको बारेमा सिकाउँदछ। छ दिन लगाएर जुन सृष्टिको काम सम्पन्न भयो त्यो धेरै महत्त्वपूर्ण घट्ना हो, किनभने त्यो काम परमेश्वरआफैले सम्पन्न

गर्नुभएको थियो। सृष्टिको त्यो ज्ञान विज्ञानको अध्ययनभन्दा बाहिरको कुरो हो भन्न दुई कारणहरू छन्। त्यो हो जुन तरिकाले सृष्टिको काम भयो त्यो केवल एकपटकमात्र भएको थियो। त्यस मामिलालाई विज्ञानले बुझ्न कथिन छ। त्यो किनभने त्यो काम फेरि दोहोरिन्दैन न त कुनै विज्ञानको प्रयोगशालामा परिक्षण गरेर प्रमाणित गर्न सक्दछन्। दोस्रोमा हामी यो भन्दछौं कि सृष्टिको काम केवल परमेश्वरको मात्र काम हो। त्यो विशेष काम सोझै परमेश्वरबाट गर्नुभएको थियो। परमेश्वरको हस्तक्षेपलाई कथित विज्ञानले स्वीकार गर्दैन। परमेश्वरको काममा भरपरेको कुनै पनि क्रियाकलापको वाख्यालाई विज्ञानले स्वीकार गर्दैन। यस संसारको अपार परमेश्वरको काम भएको हुनाले सृष्टिको विषयमा अध्ययन गर्न मानव विज्ञान सक्षम् छैन।

आफ्नो जन्म कहाँबाट भयो भन्ने कुरा थाहा पाउनु प्रत्येक मानिसको जिज्ञासा हो। आफ्नो जीवनलाई अर्थमूलक बनाउन आफू कहाँबाट आएको हो त्यसमा भरपर्दछ। हामी कहाँबाट आएको हो वा हाम्रो शूत्रपात के हो भन्ने कुरा प्रत्येकले थाहा पाउन् भनेर नै बाइबलको पहिलो सुरूमै परमेश्वरले लेख्न दिनुभएको थियो। हामीहरूको सुरुवातको ज्ञान थाहा पाउन अत्यन्त महत्त्वपूर्ण छ। बाइबलमा दिएका सबै सन्दैशहरू सृष्टिको कथाको इतिहासमा भरपर्दछ। केवल विज्ञानबाट नै पक्का इतिहास हामी जान्छौं र त्यसबाट सिक्छौं भनेर दाबी गर्नु नै परमेश्वरको सिधा कामलाई विश्वास नगर्नु हो। परमेश्वरको सट्टामा मानव विज्ञानमा भरपर्दा एक पछि अर्को गलत बाटोमा मानिस हिँडिरहेको हुन्छ।

“परमेश्वरले मानिसहरूलाई कहिले पनि नदेखाएका सृष्टिको प्राकृतिक क्रियाकलापहरूलाई वाख्या गर्न तिनीहरूले प्रयास गर्न खोज्दछन्। तर स्वर्गको परमेश्वरको रहस्यलाई कुनै पनि मानविय

विज्ञानले खोजेर पाउन सक्दैन। सृष्टिको महान् कार्यलाई विज्ञानले वाख्या गर्न सक्दैन। त्यो काम परमेश्वरको अचम्मको काम थियो। त्यसरी नै, न त परमेश्वरमा जीवन कसरी भयो भन्ने कुरा विज्ञानले देखाउन सक्दछ।" एलेन जी ह्वाइट, द स्पिरिट अभ प्रोफेसी, ठेली १, पृ. ८९बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. सृष्टिको विषयवस्तु नै सारा बाइबलको मूल विषयवस्तु हो। के बाइबलका विभिन्न लेखकहरूको बीचमा उत्पत्तिको बारेमा विभिन्न धारणाहरू थिए त? के उत्पत्तिको पुस्तकमा लिखित उत्पत्तिको विवरणप्रति बाइबलका कुनै लेखकहरूले शङ्का प्रकट गरेका थिए की? यो कुरा थाहा पाउनु हाम्रो निम्ति किन जरुरत छ?

आ. यस पृथ्वीमा भएका प्राकृतिक सम्पदा योजनात्मक छैन भनेर कसैले दाबी गर्दछ भने त्यसलाई कसरी जवाफ दिने?

इ. सृष्टिको कथा समेत गरेर मोसाले लेखेका सामग्रीलाई येशूले समर्थन जनाउनुभएको थियो (लूका १६:२९-३१, मर्कूस २:२७,२८)। त्यस पृष्ठभूमी थाहा पाएर र येशूकै उदाहरणबाट सृष्टिको कथाको बारेमा हाम्रो धारणा कस्तो हुनुपर्दछ?